**मं.प.बै.सं. १७/०८३**

**सम्वत् २०८३ साल भदौ ३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको सातौं वार्षिक प्रतिवेदन (आ.व.२०८२/८३) प्रदेश सभामा पेस गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकार, मन्त्रिपरिषद् समिति गठन गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्यमन्त्री सम्मेलनको अवधारणापत्र स्वीकृत गर्ने

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानी (RCIP-AF), आयोजना कार्यान्वयन इकाई (PIU) को चालु आ.व. २०८३/०८४ को लागि अस्थायी संगठन संरचना स्वीकृत गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः फिलिपिन्सको कर्जा सुरक्षण कोषको अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुन प्रदेश सचिव कोशहरि निरौलालाई मनोनयन गर्ने।

**मं.प.बै.सं. १८/०८३**

**सम्वत् २०८३ साल भदौ ११ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. संवत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको सीमावर्ती क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ र चितवन लगायतका जिल्लाहरूमा आएको भीषण लेदोसहितको बाढीबाट प्रभावित क्षेत्रमा तत्काल खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउन कोशी प्रदेश सरकारको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम रु. ३,००,००,०००।- (अक्षेरुपि रु. तीन करोड मात्र) जम्मा गर्ने।

२. कोशी प्रदेशभित्रका पहिरो तथा बाढी जोखिमयुक्त पहाडी र तराईका जिल्लाहरूमा पूर्वतयारीको लागि प्रदेश विपद् व्यवस्थापन समितिको नेतृत्व र समन्वयमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई पूर्ण सक्रिय बनाई तयारी अवस्थामा राख्ने।

**मं.प.बै.सं. १९/०८३**

**सम्वत् २०८३ साल भदौ ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव श्री दिवस आचार्यलाई प्रदेश लोक सेवा आयोग र प्रदेश सचिव श्री अस्मान तामाङलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कामकाजका लागि खटाउने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सरकारको मिति २०८३/०३/२९ को निर्णयबाट गठित कोशी प्रदेशमा उत्पादित वस्तुको निर्यत सम्भावना अध्ययन कार्यदलको म्याद ६० (साठी) दिन थप्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश

३. कोशी प्रदेश सरकार सञ्चालन सम्बन्धी न्यूनतम साझा कार्यक्रम, २०८३ उच्च प्राथमिकताका साथ कार्यान्वयनका लागि सबै मन्त्रालयमा लेखी पठाउने।

४. संवत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको सीमावर्ती क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ र चितवन लगायतका जिल्लाहरूमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षती पश्चात राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन कोशी प्रदेश मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यहरु तथा सचिवालयमा कार्यरत पदाधिकारी/कर्मचारीको पारिश्रमिक रकमबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा रकम जम्मा गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*